ढकारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ | संख्या: १८ | मिति: २०८०/११/०३

**भाग-२**

**ढकारी गाउँपालिका**

## गर्भवती संग उपाध्यक्ष पोषण कार्यक्रम संचालन कार्यविधि-२०८०

आज्ञाले,

नाम: लक्ष्मण साह

नि.प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावनाः**

नेपालको संबिधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभुत गरेकोले गुणस्तरिय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न संस्थागत सुत्केरी सेवाको संख्या वृदि गर्न गाउँपालिका भित्र सुत्केरी हुने आमाको स्वास्थ्य स्थितिमा सकारात्मक सुधार ल्याउन आमा र नवशिशुलाई स्वस्थ राख्न आमाहरुको उच्च सहभागिताको सुनिश्चतता गर्दै आमा तथा बालबालिकाको शारिरिक,मानसिक र बौद्धिक विकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न साथै आमाहरुको मृत्यु सबै भन्दा धेरै गर्भ सुत्केरी अवस्थामा हुने भएकोले सुत्केरी अवस्थामा आमाहरुको स्वास्थ्य जाचँ गरि समयमै जटिलताहरु पहिचान गरि सोको ब्यबस्थापन गर्न आमा र बच्चाको मृत्यु हुन बाट जोगाउन बान्छनिय भएकोले ढकारी गाउँपालिकाले गर्भवति संग उपाध्यक्ष पोषण कार्यक्रम संचालन सम्बन्धि कार्यविधि,२०८० बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक,संक्षिप्त नाम,परिभाषा

**१.संक्षिप्त नाम तथा प्रारम्भ**

क) यस कार्यबिधिको नाम गर्भवति संग उपाध्यक्ष पोषण कार्यक्रम संचालन कार्यबिधि २०८० रहेको छ ।

ख) यो कार्यबिधि गाउँ कार्यपालिकाबाट पारित भए पछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

क) **अध्यक्ष** भन्नाले ढकारी गाउँपालिकाको अध्यक्ष लाई सम्झनुपर्छ।

ख) **उपाध्यक्ष** भन्नाले ढकारी गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनुपर्छ ।

ग) **कार्यपालिका** भन्नाले ढकारी गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झनुपर्छ ।

घ) **गाउँपालिका** भन्नाले ढकारी गाउँपालिका लाई सम्झनुपर्छ ।

ङ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले ढकारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्छ ।

च) **स्वास्थ्य शाखा** भन्नाले ढकारी गाउँपालिकाको स्वास्थ्य सेवा सम्बन्धि कामकाज गर्न गराउनको लागी तोकिएको शाखा सम्झनुपर्छ ।

छ) **सरकारी स्वास्थ्य संस्था** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र,शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य ईकाई लगाएत स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

ज) **सेवाग्राही** भन्नाले महिनावारी रोकिएको अवधिबाट दुई देखि तिन महिना भित्रमा पहिलो पटक गर्भजाचँका लागी स्वास्थ्य संस्थामा आई दर्ता भई त्यस पछि प्रत्येक पटक गर्भजाचँको प्रोटोकल अनुसार गर्भजाचँ गर्ने गर्भवति महिलालाई सम्झनु पर्नेछ।

झ) **सेवा प्रदायक** भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरि स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

ञ) **वडा अध्यक्ष** भन्नाले ढकारी गाउँपालिकाका वडा अध्यक्ष सम्झनु पर्दछ ।

ट) **गर्भवति महिला** भन्नाले महिनावारी रोकिए देखि सुत्केरी नहुनजेल सम्मको अवधिलाई सम्झनुपर्दछ ।

ठ) **सुनौलो हजार दिन भन्नाले** गर्भमा बच्चा रहे देखि बच्चा जन्मेको २ बर्ष सम्मको अवधि लाई सम्झनु पर्नेछ ।

## परिच्छेद २

**३. उद्देश्यः**

क) गर्भवति अवस्थामा आमा तथा नवजात शिशुको जाचँ गरी जटिलताका अवस्थाहरु समयमै पहिचान,ब्यबस्थापन तथा प्रेषण गरी मातृ तथा शिशु मृत्यु दर कम गर्ने,

ख) मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्न गलत सामाजिक अभ्यासहरु तथा कुरितिहरुको अन्त्य गर्दै बाधाहरु हटाउने,

ग) गर्भवति आमालाई पोषणको महत्व बारे जानकारी गराई सेवा लिनका लागी अभिप्रेरित गर्ने ,

घ) कुपोषणका कारण गर्भवति महिला र नवजात शिशुमा देखा पर्नसक्ने स्वास्थ्य समस्याबाट मुक्त गर्ने,

ङ) गुणस्तरिय स्वास्थ्य सेवाको उपयोगितामा बृद्धि गर्दै घरमै हुने सुत्केरी दरमा शुन्यता ल्याउने,

च) गरिब, बिपन्न, पछाडि परेका, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित बर्गको महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्ने,

छ) प्रजनन स्वास्थ्य एक आधारभुत स्वास्थ्य सेवा भएको र यो सबैको अधिकार भएको कुरा समुदायको लक्षित बर्गसम्म जानकारी गराउन तथा उनिहरुलाई यसको बारेमा सचेत गराउने ।

## परिच्छेद ३

**४. गर्भवती संग उपाध्यक्ष पोषण कार्यक्रम भन्नाले:** गाउँपालिका तथा वडा स्तरमा संचालन हुने सबै गर्भवती महिलाहरु संग सम्बन्धित पोषण कार्यक्रम लाई जनाउद छ,जस भित्र निम्न कार्यक्रमहरु पर्दछन ।

**४.१ गर्भवती संग उपाध्यक्ष पोषण कार्यक्रमः** गर्भवती महिलाहरुलाई लक्षित गरी स्वास्थ्य संस्थाहरुमा प्रोटोकल अनुसार ८ पटक गर्भजाचँ र संस्थागत सुत्केरी गराउन अभिप्रेरित गर्ने उद्देश्यका साथ **गर्भवती संग उपाध्यक्ष पोषण कार्यक्रम** लागू गरिने छ ।यस कार्यक्रम अन्तर्गत सम्बन्धित वडाका स्वास्थ्य संस्था मार्फत गर्भवती महिलाहरुले पोषण भत्ता पाउने छन् ।नेपाल सरकारको नियमानुसार ८ पटक प्रोटोकल अनुसार गर्भजाँच गरेका गर्भवति महिलालाई प्रत्येक महिनाको एक हजारका दरले पोषण भत्ता उपलब्ध गराईने छ ।

## परिच्छेद ४

**५. गर्भवती संग उपाध्यक्ष पोषण कार्यक्रम संचालन प्रकृयाः**

**५.१ पोषण कोसेली पाउने आधारहरुः**

१. प्रोटोकल अनुसार गर्भ जाँच गराउन आएका, प्रत्येक गर्भमा लगाउनु पर्ने टि.डि. खोप लगाएका र गर्भावस्थामा महिनावारी रोकिएको ९१ दिन बाट नियमित रुपमा आईरन चक्कि खाएका महिलाहरुको हकमा मात्र यो कार्यीबिधि लागु हुनेछ ।

२.परिच्छेद ४ को ५.१ को बुदा नं. १ मा उल्लेखित सेवाहरु लिदै गरेको कुरा मातृ तथा नवशिशु सेवा रजिष्टर र मातृ तथा नवशिशु स्वास्थ्य कार्डमा अनिबार्य अभिलेख राखिएको हुनुपर्ने छ ।

३.पोषण भत्ता गर्भवति महिलाहरुले प्रत्यक तीन/तीन महिनामा सेवा लिई रहेको सम्बन्धित स्वास्थ्य संस्थाबाट पाउने छन ।

४. आ.व. ०७९/०८० मा गर्भवति सेवाका लागी दर्ता भएका तर आ.व. ०८०/०८१ सम्म सेवा लिईरहेका गर्भवति महिलाहरुले समेत यो सेवा पाउने छन,तर यस्तो सेवा ०८० को श्रावण महिना देखि मात्र लागु हुने छ ।

५. यो सेवा पाउनका लागी गर्भवती महिलाको उमेर २० बर्ष अनिबार्य रुपमा पुरा भएको हुनु पर्ने छ,अन्यथा यो सेवा पाउन बाट बञ्चिन हुने छ ।

६.यो सेवा गर्भ जाचँका लागी दर्ता भएको मिति बाट मात्र लागु हुनेछ।

**५.२आवश्यक कागजातहरु**

१.नियमित रुपमा अभिलेख राखिएको मातृ तथा नवशिशु स्वास्थ्य कार्डको प्रतिलिपि,

२.ढकारी गाउँपालिकाको स्थाई नागरिक भएको ब्यहोरा खुल्ने प्रमाण पत्रको(नागरिकता,राष्ट्रिय परिचय पत्र,बिबाह दर्ता आदी) प्रतिलिपि

नोटः यो सेवा पाउनका लागी ढकारी गाउँपालिको स्थाई नागरिक भएको हुनु पर्ने छ ।

**५.३ पोषण भत्ता प्रदान गर्ने तरिकाः**

ढकारी गाउँपालिका अन्तर्गतका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र,शहरी स्वास्थ्य केन्द्र,सामुदायिक स्वास्थ्य ईकाईमा गर्भजाँचका लागी दर्ता भएका गर्भवति महिलाहरुलाई प्रत्येक तिन/तिन महिनाको एक पटकमा प्रत्येक महिनाको एक हजारका दरले गर्भवति संग उपाध्यक्ष पोषण भत्ता उपलब्ध गराईने छ । यसरी उपलब्ध गराईने पोषण भत्ता ढकारी गाउँपालिका उपाध्यक्ष,सम्बन्धित वडाका वडा अध्यक्ष,स्वास्थ्य शाखा प्रतिनिधि र सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारी मार्फत वितरण गरिनेछ ।

**परिच्छेद ५**

**६.विविध**

**६.१.बाधा अडकाउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**६.२.कार्यबिधिको संशोधन तथा परिमार्जनः** कार्यापालिकाको बैठकले यस कार्यबिधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**६.३.बाझिएमाः** यो कार्यबिधिमा उल्लेखित भएका प्रावधान र प्रक्रियाहरु स्थानिय सरकार संचालन ऐन २०७४ र अन्य प्रचलित कानुन संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**६.४.विशेष ब्यबस्थाः** यस कार्यबिधिले ब्यबस्था गरेको विषय कार्यन्वयन गर्नु प्रत्येक स्वास्थ्य संस्था,वडा कार्यालय र गाउँपालिका सबैको कर्तव्य हुनेछ ।यो ब्यबस्था प्रतिकुल हुने गरी कार्यक्रम संचालन गर्न पाईने छैन ।